# पारस्परिक कानूनी सहायता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** कुनै न्यायिक कारवाहीका विषयमा नेपाल र विदेशी राज्यबीच पारस्परिक कानूनी सहायता आदान प्रदान गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८१ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "पारस्परिक कानूनी सहायता ऐन, २०६६" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकानब्बेऔं दिनमा प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) "अदालत" भन्नाले सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालत सम्झनु पर्छ र सो शब्दले न्यायिक कारवाही हेर्ने अधिकारी समेतलाई जनाउँछ।

(ख) "अनुरोध गर्ने राज्य" भन्नाले पारस्परिक कानूनी सहायता लागि अनुरोध गर्ने विदेशी राज्य सम्झनु पर्छ।

(ग) "आदेश" भन्नाले अदालतले जारी गरेको आदेश सम्झनु पर्छ र सो शब्दले अदालतको निर्णय वा फैसला समेतलाई जनाउँछ।

(घ) "केन्द्रीय अधिकारी" भन्नाले दफा ४ बमोजिमको अधिकारी सम्झनु पर्छ।

(ङ) "कसूर" भन्नाले प्रचलित नेपाल कानून बमोजिम कम्तीमा एक वर्ष कैद सजाय हुने कसूर सम्झनु पर्छ र सो शब्दले विदेशी राज्यको कानून बमोजिम कम्तीमा एक वर्ष कैदको सजाय हुने कसूर समेतलाई जनाउँछ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "न्यायिक कारवाही" भन्नाले मुद्दा दायरीदेखि फैसला कार्यान्वयनसम्मको कारवाहीलाई सम्झनु पर्छ र सो शब्दले कुनै कसूरको सम्बन्धमा अनुसन्धान वा तहकिकात समेतलाई जनाउँछ।

(ज) "पारस्परिक कानूनी सहायता" भन्नाले दफा ३ मा उल्लिखित विषयसँग सम्बन्धित काम कारवाही सम्झनु पर्छ।

नेपाल कानून आयोग

## परिच्छेद-२

## पारस्परिक कानूनी सहायता आदान प्रदान सम्बन्धी व्यवस्था

३. **पारस्परिक कानूनी सहायताका विषयः** (१) नेपाल र विदेशी राज्यबीच देहायका विषयमा पारस्परिक कानूनी सहायता आदान प्रदान गर्न सकिनेछः-

(क) प्रमाण सङ्कलन वा प्रमाण प्राप्ति,

(ख) न्यायिक कारवाहीसँग सम्बन्धित प्रमाण प्राप्त गर्न वा फौज्दारी विषयमा सहयोग पुऱ्याउन व्यक्तिको उपस्थिति गराउने,

(ग) म्याद, सूचना, समाव्हान, इतलायनामा तामेली गर्ने,

(घ) खानतलासी गर्ने,

(ङ) जफत गर्ने,

(च) न्यायिक कारवाहीसँग सम्बन्धित चल वा अचल सम्पत्ति रोक्का राख्ने,

(छ) न्यायिक कारवाहीसँग सम्बन्धित प्रमाण, सामग्री वरामद गर्ने,

(ज) न्यायिक कारवाहीसँग सम्बन्धित व्यक्ति रहेको स्थान पत्ता लगाउने र निजको सनाखत गर्ने,

(झ) न्यायिक कारवाहीसँग सम्बद्ध वस्तु र स्थलको जाँच तथा त्यसको आधारमा सूचना र प्रमाण उपलब्ध गराउने,

(ञ) बैङ्क, वित्तीय वा व्यापारिक अभिलेख लगायत सम्बद्ध कागजातहरूको सङ्कलन वा प्रमाणित प्रति उपलब्ध गराउने,

(ट) फैसला कार्यान्वयन गर्ने,

(ठ) नेपाल सरकारले नेपाल राजत्रपमा सूचना प्रकाशन गरी तोकेको अन्य कुनै विषय ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा पारस्परिक कानूनी सहायता आदान प्रदान गरिने छैनः-

(क) नेपाल र अनुरोध गर्ने राज्यबीच पारस्परिक कानूनी सहायता आदान प्रदान गर्ने सन्धि नभएमा,

(ख) पारस्परिक कानूनी सहायता आदान प्रदान गर्दा वा सो कारणबाट सार्वजनिक व्यवस्था (पब्लिक अर्डर) प्रतिकूल हुने अवस्था भएमा,

नेपाल कानून आयोग

(ग) देवानी प्रकृतिको विषयमा एक लाख रूपैयाँ भन्दा कम बिगो कायम रहेको न्यायिक कारवाही भएमा,

(घ) फौजदारी प्रकृतिको विषयमा एक वर्ष भन्दा कम सजाय हुने कसूर भएमा ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै खास न्यायिक कारवाहीको सम्बन्धमा फैसला कार्यान्वयनको अवस्थामा बाहेक कुनै विदेशी राज्यले नेपालबाट अनुरोध भएको त्यस्तै विषयमा पारस्परिक कानूनी सहायता उपलब्ध गराउने सुनिश्चितता दिएमा त्यस्तो विषयमा पारस्परिक कानूनी सहायता पुऱ्याउन बाधा पुगेको मानिने छैन ।

**परिच्छेद-३**

**पारस्परिक कानूनी सहायता प्राप्त गर्ने सम्बन्धी व्यवस्था**

४. **केन्द्रीय अधिकारी**: नेपाल र विदेशी राज्यबीच पारस्परिक कानूनी सहायता आदान प्रदान गर्ने प्रयोजनको लागि महान्यायाधिवक्ताले केन्द्रीय अधिकारीको रुपमा काम गर्नेछ ।

५. **केन्द्रीय अधिकारी समक्ष अनुरोध गर्नुपर्ने** : (१) अनुसन्धान अधिकारी, अभियोजनकर्ताले कुनै न्यायिक कारवाहीमा दफा ३ मा उल्लिखित विषयसँग सम्बन्धित कुनै विषयमा कुनै विदेशी राज्यबाट पारस्परिक कानूनी सहायता प्राप्त गर्नुपर्ने देखिएमा केन्द्रीय अधिकारी समक्ष अनुरोध गर्नुपर्नेछ ।

(२) अदालत वा फैसला कार्यान्वयन गर्ने अधिकारीले दफा ३ मा उल्लिखित विषयसँग सम्बन्धित कुनै विषयमा कुनै विदेशी राज्यबाट पारस्परिक कानूनी सहायता प्राप्त गर्नुपर्ने देखिएमा त्यस्तो पारस्परिक कानूनी सहायता प्राप्त गराउन केन्द्रीय अधिकारीलाई आदेश गर्नुपर्नेछ ।

६. **पारस्परिक कानूनी सहायता प्राप्तिको लागि अनुरोध**: दफा ५ बमोजिम पारस्परिक कानूनी सहायता प्राप्त गर्नको लागि अनुरोध वा आदेश प्राप्त भएमा केन्द्रीय अधिकारीले कूटनैतिक माध्यम मार्फत देहायका विषय खुलाइ सम्बन्धित विदेशी राज्यसमक्ष अनुरोध गर्नु पर्नेछ:-

(क) अनुरोधको उद्देश्य र मागिएको पारस्परिक कानूनी सहायताको प्रकृति,

(ख) अनुरोध बमोजिम कार्य गर्ने अधिकारीको विवरण,

(ग) पारस्परिक कानूनी सहायताको लागि अनुरोध गरिएको व्यहोरा,

(घ) न्यायिक कारवाहीको प्रकृति, विवरण, सम्बद्ध तथ्यहरू र सम्वद्ध कानूनको छोटकरी विवरण,

(ङ) कुनै कसूरमा अनुसन्धान गर्न खोजिएको भए सोको विवरण,

(च) न्यायिक कारवाहीसँग सम्बन्धित सम्पत्ति भए सोको विवरण,

(छ) न्यायिक कारवाहीमा कुनै व्यक्ति संलग्न रहेको भए सोको विवरण,

(ज) खण्ड (ङ), (च) र (छ) को सम्बन्धमा उल्लेख गर्दा व्यक्तिको नाम, परिचय, नागरिकता, हुलिया, सो व्यक्तिको विवरण, सम्पत्ति रहेको स्थान, सम्पत्तिको विवरण,

(झ) न्यायिक कारवाहीमा माग दावी गरिएको विवरण,

(ञ) न्यायिक कारवाही फौजदारी प्रकृतिको भए सो प्रमाणित भएमा हुन सक्ने अधिकतम सजायको विवरण,

(ट) न्यायिक कारवाही देवानी प्रकृतिको भए दावी गरिएको बिगो,

(ठ) वन्द सवाल र साक्षी परीक्षण गर्नुपर्ने भए सोको विवरण,

(ड) अनुरोध गरिएको राज्यमा अनुरोध कार्यान्वयन गर्दा तथा अनुरोध बमोजिम सूचना वा वस्तु उपलब्ध गराउँदा कुनै निश्चित प्रक्रिया अबलम्बन गर्नुपर्ने भए सोको विवरण,

(ढ) अनुरोध गोप्य राख्न चाहेमा सोको आधार र कारण,

(ण) अनुरोध बमोजिमको कार्य सम्पन्न गर्नुपर्ने अवधि,

(त) अनुरोध गर्ने कार्यालय र अनुरोधसँग सम्बन्धित विषय अनुसन्धान वा अदालती कारबाही गर्न सक्षम निकायको विवरण,

(थ) अनुरोध बमोजिम कुनै व्यक्ति अनुरोध गरिएको राज्यबाट नेपालसम्म आउनुपर्ने भएमा निजले पाउने भत्ता, सुरक्षाको बन्दोबस्त र निजको खानेबस्ने सुविधा,

(द) कुनै सन्धि बमोजिम अनुरोध गरिएकोमा त्यस्तो सन्धिमा अनुरोध गर्दा छुट्टै प्रक्रिया अवलम्वन गर्नुपर्ने भए सो सम्बन्धी विवरण, र

(ध) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य विवरण ।

७. **प्रमाण प्राप्त गर्ने सम्बन्धी अनुरोध:** (१) कुनै न्यायिक कारवाहीसँग सम्बद्ध प्रमाण वा सूचना वा वस्तु कुनै विदेशी राज्यमा रहेको भन्ने कुरामा विश्वास गर्ने पर्याप्त आधार देखिएमा त्यस्तो प्रमाण वा सूचना नेपाललाई उपलब्ध गराइदिन केन्द्रीय अधिकारीले दफा ६ बमोजिम विदेशी राज्यसमक्ष अनुरोध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रमाण, सूचना वा वस्तु वा त्यसको तस्वीर वा प्रतिलाई प्रचलित प्रमाण ऐनको अधीनमा रही न्यायिक कारबाहीको सम्बन्धमा प्रमाणको रूपमा ग्रहण गर्न सकिनेछ ।

तर प्रचलित प्रमाण ऐन बमोजिम जिरह नभएको कारणबाट मात्र त्यस्तो काम कारवाही वदर हुने छैन ।

(३) उपदफा (१) बमोजिम प्राप्त प्रमाणको भारको सम्बन्धमा मूल्याङ्कन गर्नुपर्ने भएमा अदालतले देहायको विषयमा ध्यान दिनुपर्नेछः -

(क) त्यसरी लिइएको प्रमाणको विरूद्धमा प्रतिकार गर्ने सम्भावना थियो थिएन,

(ख) प्रमाण लिंदा न्यायिक कारबाहीसँग सम्बन्धित पक्षलाई कानून बमोजिम प्रतिनिधित्व गर्ने अवसर थियो वा थिएन ।

८. **<u>व्यक्तिको उपस्थितिका लागि अनुरोधः</u>** (१) कुनै न्यायिक कारवाहीको सम्बन्धमा कुनै विदेशी राज्यमा रहेको कुनै व्यक्तिले सहयोग गर्न सक्छ भन्ने कुरामा विश्वास गर्ने पर्याप्त आधार देखिएमा त्यस्तो व्यक्ति उपलब्ध गराइदिन केन्द्रीय अधिकारीले दफा ६ बमोजिम विदेशी राज्यसमक्ष अनुरोध गर्दा देहायका विवरण खुलाउनु पर्नेछ : -

(क) माग गरिएको व्यक्तिको नाम, थर, उमेर र निज रहे, बसेको ठाउँको विवरण,

(ख) निजको फोटो र निजलाई पहिचान गर्न सघाउ पुग्ने अन्य विवरण,

(ग) न्यायिक कारवाहीसँग निजको संलग्नता सम्बन्धी विवरण,

(घ) माग गरिएको व्यक्ति सहयोग गर्न सक्षम भएको विवरण,

(ङ) माग गरिएको व्यक्तिले स्वतन्त्ररूपमा उपस्थिति हुने इच्छा व्यक्त गरेको विवरण,

(च) माग गरिएको व्यक्तिले नेपालमा कानून विपरित कुनै कार्य गरेको आधारमा थुनामा राख्ने, न्यायिक कारवाही चलाउने वा सजाय नगरिने सुनिश्चितता,

(छ) अनुरोधमा उल्लेख गरिएको विषय बाहेक अन्य विषयमा सहयोग गर्न बाध्य नगरिने सुनिश्चितता,

(ज) झुट्ठा बयान दिएको वा अदालतको अपहेलना गरेकोमा बाहेक निज उपर सो न्यायिक कारवाहीको विषयमा कुनैपनि कानूनी कारबाही वा सजाय नगरिने कुराको सुनिश्चितता,

(झ) माग गरिएको व्यक्तिलाई नेपालबाट फिर्ता गर्ने सुनिश्चितता ।

(२) उपदफा (१) बमोजिम अनुरोध गरिएमा त्यस्तो व्यक्तिले प्रमाण वा सहयोग उपलब्ध गराउने उद्देश्यको लागि नेपाल आउने सहमति व्यक्त गरेको हुनुपर्नेछ ।

(३) केन्द्रीय अधिकारीले विदेशी राज्यको आधिकारिक निकायसँग समन्वय गरी त्यस्तो व्यक्तिको नेपाल आगमन र फिर्ता तथा अन्य आवश्यक विषयमा व्यवस्था मिलाउनु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपस्थित हुन माग गरिएको व्यक्ति सम्बन्धित राज्यको थुनामा रहेको भए सम्बन्धित राज्यबाट नेपालमा झिकाउने र फिर्ता गर्ने सम्बन्धमा केन्द्रीय अधिकारीले विदेशी राज्यको आधिकारिक निकायसँग समन्वय गरी आवश्यक विषयमा व्यवस्था मिलाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम बुझिलिएको व्यक्तिलाई थुनामा राखिनेछ ।

(६) यस दफामा उल्लेखित कुनै पनि कुराले कुनै पनि व्यक्तिलाई स्वेच्छाले नेपालमा आई न्यायिक कारवाहीमा सहयोग पुऱ्याउन रोक लगाएको मानिने छैन ।

९. **कागजात र वस्तु प्राप्त गर्ने प्रक्रिया:** कुनै न्यायिक कारवाहीको अनुसन्धान, तहकिकात र कारबाहीको लागि सहयोग पुग्ने कुनै कागजात वा वस्तु वा सूचना कुनै विदेशी राज्यमा रहेको भन्ने कुरामा विश्वास गर्ने पर्याप्त आधार देखिएमा त्यस्तो कागजात वा वस्तु वा सूचना उपलब्ध गराईदिन केन्द्रीय अधिकारीले दफा ६ बमोजिम विदेशी राज्यसमक्ष अनुरोध गर्दा देहायका विवरण खुलाउनु पर्नेछ : -

(क) माग गरिएको कागजात, वस्तु वा सूचना न्यायिक कारवाहीसँग तात्विक सम्बन्ध रहेको,

(ख) माग गरिएको कागजात, वस्तु वा सूचना सार्वजनिक नगर्ने प्रतिवद्धता,

(ग) नेपालको कानून बमोजिम छुट वा सुविधा पाउने वस्तु समावेश नभएको,

(घ) कुनै निश्चित व्यक्तिले कसूर गरेको वा त्यसबाट लाभ लिएको,

(ङ) कागजात, वस्तु वा सूचनाको सक्कल प्रतिनै आवश्यक पर्ने भएमा सोको पुष्ट्याइँ ।

१०. **खानतलासी र कब्जाको लागि अनुरोध:** कुनै न्यायिक कारवाहीको कारवाहीसँग सम्बन्धित कुनै वस्तु विदेशी राज्यमा रहेको छ भन्ने कुरामा विश्वास गर्ने पर्याप्त आधार देखिएमा त्यस्तो वस्तु खानतलासी गर्न वा कब्जामा लिन केन्द्रीय अधिकारीले दफा ६ बमोजिम विदेशी राज्यसमक्ष अनुरोध गर्दा देहायका विवरण खुलाउनु पर्नेछ:-

(क) न्यायिक कारवाहीको पूर्ण विवरण,

(ख) खानतलासी गर्नुपर्ने स्थानको पुरा ठेगाना र विवरण,

(ग) खानतलासी गरी कब्जामा लिनुपर्ने वस्तु न्यायिक कारवाहीसँग सम्बन्धित रहेको तथ्य,

(घ) खानतलासी गरी कब्जामा लिन अनुरोध गरिएको वस्तु न्यायिक कारवाहीको निमित्त महत्वपूर्ण सहयोग पुग्ने आधार भएको,

(ङ) खानतलासी गरी कब्जामा लिएको वस्तु सुरक्षित साथ राखिने र त्यस्तो प्रयोजन समाप्त भएपछि फिर्ता गरिने सुनिश्चितता,

(च) कुनै सम्पत्ति रोक्का राख्न,

(छ) त्यस्तो वस्तुमा स्वामित्व रहेको व्यक्तिले नेपालमा कसूर गरेको वा त्यस्तो कसूरबाट सम्पत्ति बढे बढाएको पुष्टि हुने आधार ।

११. **व्यक्ति रहेको स्थान र व्यक्तिको सनाखतको लागि अनुरोधः** कुनै न्यायिक कारवाहीसँग सम्बन्ध रहेको व्यक्ति कुनै विदेशी राज्यमा रहेको छ भन्ने कुरामा विश्वास गर्नुपर्ने पर्याप्त आधार भएमा त्यस्तो व्यक्ति रहेको स्थान र निजको सनाखतको लागि केन्द्रीय अधिकारीले दफा ६ बमोजिम विदेशी राज्यसमक्ष अनुरोध गर्दा देहायका विवरण खुलाउनु पर्नेछः–

(क) त्यस्तो व्यक्तिको न्यायिक कारवाहीसँग सम्बन्ध रहेको वा निजले त्यस्तो विषयमा प्रमाण वा सहयोग उपलब्ध गराउन सक्ने अवस्था रहेको,

(ख) अनुरोधमा उल्लेख भएको व्यक्ति उक्त विदेशी राज्यमा रहेको,

(ग) त्यस्तो व्यक्तिको पहिचान गर्नको लागि हुलिया तथा फोटो र

(घ) अन्य सम्बद्ध विवरण ।

१२. **तामेल गर्न सहयोगः** (१) कुनै न्यायिक कारवाहीमा विदेशी राज्यमा रहे बसेको कुनै व्यक्तिलाई म्याद, सूचना, समाव्हान, इतलायनामा तामेल गर्नुपर्ने देखिएमा अदालतले आदेश जारी गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश प्राप्त भएमा केन्द्रीय अधिकारीले दफा ६ बमोजिम विदेशी राज्यसमक्ष अनुरोध गर्दा अदालतको आदेशको प्रमाणित प्रति संलग्न गर्नुपर्नेछ ।

१३. **साक्षी परीक्षण र वन्द सवाल सम्बन्धी अनुरोधः** (१) कुनै न्यायिक कारवाहीमा विदेशी राज्यमा रहे बसेको कुनै व्यक्तिलाई न्यायिक कारवाहीको साक्षीको रूपमा बुझ्नुपर्ने देखिएको र त्यस्तो व्यक्ति नेपालमा आउन नचाहेमा वा नसक्ने भएमा त्यस्तो व्यक्तिलाई साक्षीको रूपमा बुझ्न अदालतले आदेश गर्नु पर्नेछ ।

(२) यस ऐन बमोजिम साक्षी परीक्षणको लागि अनुरोध गरिएकोमा त्यस्तो साक्षी विदेशी राज्यको अदालतमा उपस्थित हुन नपर्ने वा उपस्थित हुन नसक्ने भएमा अदालतले वन्द सवालको माध्यमद्वारा साक्षी परीक्षण गर्न आदेश दिन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको आदेश प्राप्त भएपछि केन्द्रीय अधिकारीले साक्षी परीक्षणको लागि दफा ६ बमोजिम विदेशी राज्यसमक्ष अनुरोध गरी पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम विदेशी राज्यमा अनुरोध गरी पठाउँदा दफा ८ को उपदफा (२) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमका विषय खुलाउनु पर्नेछ ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि सम्बन्धित पक्षको अनुरोध बमोजिम अदालतले साक्षी परीक्षण र वन्द सवालको आदेश एकै पटक गर्न बाधा पुऱ्याएको मानिने छैन ।

(६) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम गरिएको साक्षी परीक्षण र वन्द सवाललाई नेपालको अदालतमा भए गरे सरहमानी प्रमाणमा लिन बाधा पुगेको मानिने छैन ।

१४. **सम्पत्ति जफतसम्बन्धी आदेश कार्यान्वयनको अनुरोधः** (१) कुनै न्यायिक कारवाहीको कारबाहीसँग सम्बद्ध सम्पत्ति वा त्यसको केही अंश विदेशी राज्यमा रहेको छ भन्ने कुरामा विश्वास गर्ने पर्याप्त आधार देखिएमा त्यस्तो सम्पत्ति रोक्का राख्ने वा जफत गर्ने गरी भएको आदेश कार्यान्वयनको लागि केन्द्रीय अधिकारीले दफा ६ बमोजिम त्यस्तो विदेशी राज्य समक्ष अनुरोध गर्दा त्यस्तो आदेशको प्रमाणित प्रति संलग्न गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेशको कार्यान्वयनको लागि कुनै रकम वा शुल्क तिर्नुपर्ने भएमा विदेशी राज्यले जफत गरिएको सम्पत्तिबाट त्यस्तो रकम कट्टा गर्न सक्नेछ ।

(३) उपदफा (१) को अनुरोध बमोजिम जफत गरिएको सम्पत्तिको मूल्य र जफत गरिएको मिति उल्लेख गरी विदेशी राज्यको आधिकारिक निकायको तर्फबाट जारी गरिएको प्रमाणपत्र कुनैपनि न्यायिक कारबाहीको लागि प्रमाणको रूपमा स्वीकार गर्न सकिनेछ ।

१५. **फैसला कार्यान्वयन सम्बन्धी अनुरोधः** नेपालको कुनै अदालत वा फैसला कार्यान्वयन गर्ने अधिकारीले कुनै फैसला कार्यान्वयन विदेशी राज्यमा गर्नुपर्ने भनि दफा ५ को उपदफा (२) बमोजिम गरेको आदेश प्राप्त भएमा केन्द्रीय अधिकारीले फैसला कार्यान्वयनको लागि दफा ६ बमोजिम विदेशी राज्यसमक्ष अनुरोध गर्दा देहायका विवरण खुलाउनु पर्नेछः–

(क) अदालतको फैसलाको सक्कल प्रमाणित प्रति,

(ख) फैसलाको विषयमा पुनरावेदन गर्ने अवस्था नरहेको प्रमाण ।

**परिच्छेद-४**

**अनुरोध गर्ने राज्यले पारस्परिक कानूनी सहायताको लागि अनुरोध गर्ने सम्बन्धी व्यवस्था**

१६. **अनुरोध गर्ने राज्यले अनुरोध गर्नेः** (१) कुनै न्यायिक कारवाहीका विषयमा पारस्परिक कानूनी सहायताको लागि अनुरोध गर्ने राज्यले कूटनैतिक माध्यम मार्फत नेपाल सरकारलाई अनुरोध गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुरोध प्राप्त भएपछि परराष्ट्र मन्त्रालयले केन्द्रीय अधिकारी समक्ष पठाउनुपर्नेछ ।

१७. **अनुरोध गर्ने राज्यले अनुरोधमा उल्लेख गर्नुपर्ने विषयः** अनुरोध गर्ने राज्यले दफा १६ बमोजिम अनुरोध गर्दा देहाय विषय खुलाउनु पर्नेछः -

(क) अनुरोधको उद्देश्य र मागिएको पारस्परिक कानूनी सहायताको प्रकृति,

(ख) अनुरोध बमोजिमको कार्य गर्ने सम्बन्धित अधिकारीको विवरण,

(ग) पारस्परिक कानूनी सहायताको लागि अनुरोध गरिएको व्यहोरा खुल्ने आधिकारिक पत्र,

(घ) न्यायिक कारवाहीको प्रकृति, विवरण, सम्बद्ध तथ्यहरू र सम्वद्ध कानूनको छोटकरी विवरण,

(ङ) कुनै कसूरमा अनुसन्धान गर्न खोजिएको भए सोको विवरण,

(च) न्यायिक कारवाहीसँग सम्बन्धित सम्पत्ति भए सोको विवरण,

(छ) न्यायिक कारवाहीमा कुनै व्यक्ति संलग्न रहेको भए सोको विवरण,

(ज) खण्ड (ङ), (च) र (छ) को सम्बन्धमा उल्लेख गर्दा व्यक्तिको नाम, परिचय, नागरिकता, हुलिया, सो व्यक्तिको विवरण, सम्पत्ति रहेको स्थान र सम्पत्तिको विवरण,

(झ) न्यायिक कारवाहीमा माग दावी गरिएको विवरण,

(ञ) न्यायिक कारवाही फौजदारी प्रकृतिको भए सो न्यायिक कारवाही प्रमाणित भएमा हुन सक्ने अधिकतम सजायको विवरण,

(ट) वन्द सवाल र साक्षी परीक्षण गर्नुपर्ने भए सोको विवरण,

(ठ) नेपालमा अनुरोध कार्यान्वयन गर्दा तथा अनुरोध बमोजिम सूचना वा वस्तु उपलब्ध गराउँदा कुनै निश्चित प्रक्रिया अबलम्बन गर्नुपर्ने भए सोको विवरण,

(ड) अनुरोध गोप्य राख्न चाहेमा त्यसको आधार र कारण,

(ढ) अनुरोध बमोजिमको कार्य सम्पन्न गर्नुपर्ने अवधि,

(ण) अनुरोध गर्ने कार्यालय र अनुरोधसँग सम्बन्धित विषय अनुसन्धान वा अदालती कारबाही गर्न सक्षम निकायको विवरण,

(त) अनुरोध बमोजिम कुनै व्यक्तिले नेपालबाट त्यस्तो अनुरोध गर्ने राज्यसम्म जानुपर्ने भएमा निजले पाउने भत्ता, सुरक्षाको बन्दोबस्त र निजको खाने बस्ने सुविधाको विषयमा र

(थ) सन्धि बमोजिम अनुरोध गएिकोमा त्यस्तो सन्धिमा अनुरोध गर्दा छुट्टै प्रक्रिया अवलम्वन गर्नुपर्ने भए सो सम्बन्धी विवरण ।

१८. **केन्द्रीय अधिकारीको दायित्व** : (१) दफा १६ बमोजिम अनुरोध प्राप्त भएमा केन्द्रीय अधिकारीले पारस्परिक कानूनी सहायता उपलब्ध गराउने सम्बन्धमा अध्ययन तथा जाँचबुझ गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अध्ययन तथा जाँचबुझ गर्दा पारस्परिक कानूनी सहायता उपलब्ध गराउनुपर्ने देखिएमा केन्द्रीय अधिकारीले सोको निर्णय गरी देहाय बमोजिम गर्नु पर्नेछः –

(क) अनुसन्धान, तहकिकातको लागि पारस्परिक कानूनी सहायता अनुरोध गरिएको भए अनुरोध बमोजिम गर्न अनुसन्धान, तहकिकात गर्ने निकायको प्रमुखलाई आदेश गर्ने ।

(ख) खण्ड (क) बाहेक अन्य प्रयोजनको लागि पारस्परिक कानूनी सहायता अनुरोध गरिएको भए कारवाहीको लागि जिल्ला सरकारी वकीलको कार्यालय मार्फत जिल्ला अदालतमा निवेदन पेश गर्ने ।

१९. **जिल्ला अदालतको अधिकार** : (१) दफा १८ बमोजिमको निवेदन प्राप्त भएमा जिल्ला अदालतले पारस्परिक कानूनी सहायता उपलब्ध गराउने सम्बन्धमा अध्ययन तथा जाँचबुझ गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अध्ययन तथा जाँचबुझ गर्दा पारस्परिक कानूनी सहायता उपलब्ध गराउनुपर्ने देखिएमा जिल्ला अदालतले प्रचलित कानून बमोजिम कारवाही अघि बढाउने आदेश दिनु पर्नेछ ।

२०. **अनुरोध गर्ने राज्यको अनुरोध इन्कार गर्न सकिने**: (१) केन्द्रिय अधिकारीले दफा १६ बमोजिमको अनुरोध देहायको आधारमा इन्कार गर्न सक्नेछः-

(क) नेपाल र त्यस्तो अनुरोध गर्ने राज्यबीच सम्पन्न सन्धि बमोजिम अनुरोध भई नआएमा,

(ख) अनुरोध गरिएको कसूर राजनीतिक देखिएमा,

(ग) अनुरोध गरिएको विषयमा सैनिक ऐन अन्तर्गतको कसूरसँग सम्बन्धित देखिएमा,

(घ) जात, धर्म, लिङ्ग, जातीय उत्पत्ति, राष्ट्रियता वा राजनीतिक विचारको आधारमा कुनै व्यक्ति विरूद्ध अनुसन्धान, कानूनी कारबाही वा सजाय गर्न खोजिएको देखिएमा,

(ङ) अनुरोध गरिएको विषय अनुसन्धानको लागि महत्वहीन भएमा वा अन्य तरिकाबाट त्यस सम्बन्धमा जानकारी प्राप्त गर्न सकिने भएमा,

(च) पारस्परिक कानूनी सहायताको विषयले नेपालको सार्वभौमसत्ता, सुरक्षा, सार्वजनिक व्यवस्था वा सार्वजनिक हितमा प्रतिकूल असर पर्ने भएमा,

(छ) जुन विषयमा अनुरोध माग गरिएको हो सो विषय बाहेक अन्य काम कारबाहीमा त्यसको प्रयोग नहुने कुराको सुनिश्चितता दिन नसकेमा,




नेपाल कानून आयोग

(ज) पारस्परिक कानूनी सहायताको लागि नेपालको प्रचलित कानून विपरितका प्रक्रिया अबलम्बन गर्नुपर्ने भएमा, र

(झ) पारस्परिक कानूनी सहायता माग गरिएको विषय असामान्य वा सारवान प्रकृतिको भएमा ।

(२) जिल्ला अदालतले दफा १८ बमोजिम प्राप्त निवेदन देहायको आधारमा इन्कार गर्न सक्नेछ:-

(क) कसूरसँग सम्बन्धित विषयमा भए सो प्रथम दृष्टिमा नै कसूर स्थापित हुन नसक्ने देखिएमा,

(ख) पारस्परिक कानूनी सहायता न्यायको सामान्य सिद्धान्त विपरित हुने देखिएमा ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि केन्द्रिय अधिकारीले पारस्परिक कानूनी सहायता उपलब्ध गराउन दफा १८ बमोजिम निवेदन जिल्ला अदालतमा गरेकोमा जिल्ला अदालतले उपदफा (१) बमोजिमको अवस्था देखेको जुनसुकै समयमा पारस्परिक कानूनी सहायता उपलब्ध गर्न इन्कार गर्न बाधा पुगेको मानिने छैन ।

२१. **अनुरोध इन्कार गरिएको जानकारी दिनुपर्ने:** दफा १६ बमोजिम प्राप्त अनुरोध बमोजिम पारस्परिक कानूनी सहायता उपलब्ध गराउन जिल्ला अदालत वा केन्द्रिय अधिकारीले यस ऐन बमोजिम इन्कार गरेमा सो को जानकारी केन्द्रिय अधिकारीले अनुरोध गर्ने राज्यलाई दिनु पर्नेछ ।

२२. **अनुरोध गर्ने राज्यले प्रमाण प्राप्त गर्ने प्रक्रिया:** (१) अनुरोध गर्ने राज्यले त्यस्तो राज्यको अदालतमा विचाराधीन रहेको कुनै न्यायिक कारवाहीको सन्दर्भमा नेपालभित्र प्रमाण प्राप्तिको लागि दफा १६ बमोजिम अनुरोध गरेमा केन्द्रीय अधिकारीले प्रमाण प्राप्तिको लागि जिल्ला सरकारी वकीलको कार्यालय मार्फत जिल्ला अदालतमा निवेदन पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा अदालतले देहाय बमोजिम प्रमाण बुझ्नेछ:-

(क) कुनै न्यायिक कारवाहीमा विशेषज्ञ वा विशेष व्यक्ति वा साक्षीलाई उपस्थित गराइ बयान, वकपत्र, बन्द सवाल गर्ने गराउने,

(ख) खण्ड (क) बमोजिमको बयान, बकपत्र, बन्द सवाललाई प्रमाणित गरी केन्द्रीय अधिकारी समक्ष पठाउने ।

(३) उपदफा (२) बमोजिम प्रमाण बुझ्ने काम न्यायिक कारवाहीको पक्षको कानून व्यवसायीको उपस्थिति भएको वा नभएको दुवै अवस्थामा गर्न सकिनेछ ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (२) बमोजिम प्रमाण बुझ्दा अदालतले उपयुक्त ठहऱ्याएको व्यक्तिलाई अदालतसमक्ष उपस्थित हुने अनुमति दिन सक्नेछ।

(५) यस दफा बमोजिम प्रमाण बुझ्ने क्रममा सम्बन्धित व्यक्ति उपस्थित भएकोमा सो व्यहोरा समेत उल्लेख गर्नुपर्नेछ।

(६) झुट्ठा बयान दिएको वा अदालतको अपहेलना गरेको अवस्थामा बाहेक यस दफा बमोजिम प्रमाण दिएको व्यक्तिलाई निज विरूद्ध नेपालमा कुनै अदालती, अनुशासनात्मक वा अन्य कारबाही गरिने छैन।

(७) उपदफा (१) बमोजिम प्राप्त अनुरोध बमोजिमको प्रमाण अनुसन्धान तहकिकात गर्ने निकायमा भए सो उपलब्ध गराउन केन्द्रीय अधिकारीले त्यस्तो निकायको प्रमुखलाई आदेश गर्नु पर्नेछ।

(८) उपदफा (७) बमोजिम आदेश प्राप्त भएमा अनुसन्धान तहकिकात गर्ने निकायको प्रमुखले केन्द्रीय अधिकारीलाई त्यस्तो प्रमाण उपलब्ध गराउनु पर्नेछ।

२३. **अनुरोध गर्ने राज्यले व्यक्तिको उपस्थितिका लागि अनुरोध गर्ने प्रक्रिया:** (१) नेपालमा रहेको कुनै व्यक्तिले अनुरोध गर्ने राज्यमा बिचाराधीन कुनै न्यायिक कारवाहीमा सहयोग गर्न त्यस्तो व्यक्तिलाई उपलब्ध गराउन देहायका विषय खुलाई दफा १६ बमोजिम अनुरोध गरेमा केन्द्रीय अधिकारीले अनुरोध गर्ने राज्यसँग समन्वय गरी त्यस्तो व्यक्ति नेपालबाट पठाउने, नेपालमा फिर्ता ल्याउने र अन्य सम्बद्ध विषयवस्तुको व्यवस्था मिलाउनु पर्नेछ : -

(क) उपस्थित हुन माग गरिएको व्यक्तिको नाम, थर, उमेर र निज रहे, बसेको ठाउँको विवरण,

(ख) निजको फोटो र निजलाई पहिचान गर्न सघाउ पुग्ने अन्य विवरण,

(ग) न्यायिक कारवाहीसँग निजको संलग्नता सम्बन्धी विवरण,

(घ) उपस्थितिको लागि माग भएको व्यक्ति प्रमाण दिन वा सहयोग गर्न सक्षम भएको विवरण,

(ङ) उपस्थितिको लागि माग गरिएको व्यक्तिले स्वतन्त्ररूपमा उपस्थिति हुने इच्छा व्यक्त गरेको विवरण,

(च) अनुरोध गरिएको व्यक्तिलाई अनुरोध गर्ने राज्यको कानून विपरित कुनै कार्य गरेको वा गरेको थियो भन्ने आधारमा थुनामा राख्ने, न्यायिक कारवाही चलाउने वा सजाय नगरिने सुनिश्चितता,

(छ) अनुरोधमा उल्लेख गरिएको विषय बाहेक अन्यथा प्रमाण दिन वा माग गरिएको विषय बाहेक अन्य सहयोग गर्न बाध्य नगरिने कुराको सुनिश्चितता,

(ज) झुट्टा बयान दिएको वा अदालतको अपहेलना गरेकोमा बाहेक निज उपर सो न्यायिक कारवाहीको विषयमा कुनैपनि कानूनी कारबाही वा सजाय नगरिने कुराको सुनिश्चितता,

(झ) त्यस्तो व्यक्तिलाई नेपालमा फिर्ता गर्ने सुनिश्चितता ।

(२) उपदफा (१) बमोजिम अनुरोध गरिएको त्यस्तो व्यक्तिले प्रमाण वा सहयोग उपलब्ध गराउने उद्देश्यको लागि अनुरोध गर्ने राज्यमा जाने सहमति व्यक्त गरेको हुनुपर्नेछ ।

(३) उपदफा (१) मा उपस्थित हुन माग गरिएको व्यक्ति नेपालमा थुनामा रहेको भए अदालतको अनुमतिलिई नेपालको प्रवेश विन्दुबाट अनुरोध गर्ने राज्यको आधिकारीक निकायलाई बुझाइनेछ ।

(४) यस दफा बमोजिम बुझाइएको व्यक्तिको काम सम्पन्न भएपछि नेपालको प्रवेश विन्दुमा अनुरोध गर्ने राज्यको आधिकारीक निकायबाट बुझिलिइनेछ ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै पनि व्यक्तिले स्वेच्छाले कुनै पनि विदेशी राज्यमा गएर साक्षी हुन रोक लगाएको मानिने छैन ।

२४. **अनुरोध गर्ने राज्यले कागजात र वस्तु प्राप्त गर्ने प्रक्रिया:** (१) न्यायिक कारवाहीको अनुसन्धान, तहकिकात र कारबाहीको लागि सहयोग पुग्ने कुनै कागजात वा वस्तु वा सूचनाको लागि चाहिएमा अनुरोध गर्ने राज्यले देहायको विवरण खुलाई दफा १६ बमोजिम नेपाल सरकारसमक्ष अनुरोध गरेमा केन्द्रीय अधिकारीले कागजात र वस्तु प्राप्तिको लागि जिल्ला सरकारी वकीलको कार्यालय मार्फत जिल्ला अदालतमा निवेदन पेश गर्नुपर्नेछः–

(क) माग गरिएको कागजात, वस्तु वा सूचना न्यायिक कारवाहीसँग तात्विक सम्बन्ध रहेको,

(ख) अनुरोध गर्ने राज्यले माग गरिएको कागजात, वस्तु वा सूचना सार्वजनिक नगर्ने प्रतिवद्धता,

(ग) अनुरोध गर्ने राज्यको कानून बमोजिम छुट वा सुविधा पाउने वस्तु समावेश नभएको,

(घ) कुनै निश्चित व्यक्तिले कसूर गरेको वा त्यसबाट लाभ लिएको ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन र आवश्यक कागजात अध्ययन गर्दा माग गरिएको कागजात, वस्तु वा सूचना प्रचलित नेपाल कानून बमोजिम उपलब्ध गराउन मिल्ने भएमा अदालतले त्यस्तो कागजात, वस्तु वा सूचनाको प्रमाणित प्रति पठाउने आदेश दिनसक्नेछ।

(३) कागजात, वस्तु वा सूचनाको सक्कलनै उपलब्ध गराउन भनी अनुरोध भएको अवस्थामा अदालतले त्यस्तो कागजात, वस्तु वा सूचनाको प्रमाणित प्रति कार्यालयमा राखी सक्कलनै पठाउन अदालतले आदेश दिन सक्नेछ।

(४) उपदफा (१) बमोजिम प्राप्त अनुरोध बमोजिमको कागजात, वस्तु वा सूचना अनुसन्धान तहकिकात गर्ने निकायमा भए सो उपलब्ध गराउन केन्द्रीय अधिकारीले त्यस्तो निकायको प्रमुखलाई आदेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम आदेश प्राप्त भएमा अनुसन्धान तहकिकात गर्ने निकायको प्रमुखले केन्द्रीय अधिकारीलाई त्यस्तो कागजात, वस्तु वा सूचना उपलब्ध गराउनु पर्नेछ।

२५. **अनुरोध गर्ने राज्यले सम्पत्ति जफतसम्बन्धी आदेश कार्यान्वयनको अनुरोध गर्ने प्रक्रियाः** (१) कुनै न्यायिक कारवाहीको कारबाहीसँग सम्बद्ध सम्पत्ति वा त्यसको केही अंश नेपालमा रहेको भनि त्यस्तो सम्पत्ति वा रोक्का राख्ने वा जफत गर्ने आदेश कार्यान्वयनको लागि अनुरोध गर्ने राज्यले देहायका आधिकारिक निकायद्वारा प्रमाणित प्रमाण संलग्न दफा १६ बमोजिम नेपाल सरकारसमक्ष अनुरोध गरेमा आदेश कार्यान्वयनको जिल्ला सरकारी वकीलको कार्यालय मार्फत जिल्ला अदालतमा निवेदन दिनु पर्नेछः–

(क) उक्त सम्पत्तिसँग सम्बन्धित विषयमा उक्त राज्यमा न्यायिक कारवाही दायर भएको र त्यस सम्बन्धमा निर्णय भई नसकेको वा न्यायिक कारवाही दायर हुने अवस्थामा रहेको,

(ख) जफत सम्बन्धी आदेश भएको र त्यसउपर पुनरावेदन गर्ने अवस्था नरहेको,

(ग) सम्पत्ति जफत सम्बन्धी आदेश बमोजिम तिर्नुपर्ने रकम तिर्न बाँकी रहेको,

(घ) जारी गरिएको आदेशको उद्देश्य सम्पत्ति फिर्ता लिने वा जफत गर्ने रहेको,

(ङ) आदेशबाट प्रभावित व्यक्ति अदालतमा उपस्थिति नभएको स्थितिमा निजले आफ्नो प्रतिरक्षा गर्नको लागि पर्याप्त समय सहितको सूचना पाएको।

(२) उपदफा (१) बमोजिमको निवेदनसाथ प्राप्त कागजात अदालतले अध्ययन गर्दा विदेशी राज्यको अदालतको आदेश कार्यान्वयन गर्नुपर्ने देखिएमा अदालतले नेपालको कानून बमोजिम सम्पत्ति जफतको लागि सम्बन्धित निकायलाई आदेश दिनु पर्नेछ।

नेपाल कानून आयोग

तर जुन व्यक्तिको सम्पत्ति जफत गर्न आदेश जारी भएको हो सो व्यक्तिले तिर्नुपर्ने रकम तिरिसकेको वा तिर्न नसकेकोमा सो रकम बराबर कैद सजाय भोगिसकेको भन्ने कुरामा अदालत विश्वस्त भएमा अदालतले सम्पत्ति जफत गर्ने आदेश दिने छैन ।

(३) जफत गर्ने सम्पत्तिको मूल्य नेपाली मुद्रा बाहेक अन्य मुद्रामा उल्लेख भएको रहेछ भने उपदफा (१) बमोजिमको निवेदन अदालतमा दर्ता भएको दिनको नेपाल राष्ट्र बैङ्कले निर्धारण गरेको विदेशी विनिमय दरको आधारमा सो मूल्यलाई नेपाली मुद्रामा परिवर्तन गरिनेछ ।

२६. **अनुरोध गर्ने राज्यले खानतलासी र कब्जाको लागि अनुरोध गर्ने प्रक्रियाः** (१) कुनै न्यायिक कारवाहीको कारबाहीसँग सम्बन्धित कुनै वस्तु खानतलासी गर्न वा कब्जामा लिने व्यवस्थाको लागि अनुरोध गर्ने राज्यले देहायका विवरण खुलाई दफा १६ बमोजिम नेपाल सरकारसमक्ष अनुरोध गरेमा केन्द्रीय अधिकारीले त्यस्तो वस्तुको खानतलासी र कब्जामा लिन आवश्यक देखेमा सो को निर्णय गरी सम्बन्धित निकायको प्रमुखलाई आदेश गर्नु पर्नेछः–

(क) खानतलासी गर्नुपर्ने स्थानको पुरा ठेगाना र विवरण,

(ख) खानतलासी गरी कब्जा गर्नुपर्ने वस्तु आरोपित वा आरोपित व्यक्तिसँग सम्बन्धित रहेको तथ्य,

(ग) न्यायिक कारवाहीको पूर्ण विवरण,

(घ) खानतलासी गरी कब्जामा लिन अनुरोध गरिएको वस्तु वा वस्तु कसूर पुष्टि गर्ने महत्वपूर्ण प्रमाण रहेको वा अनुसन्धान र तहकिकातमा महत्वपूर्ण सहयोग पुग्ने आधार भएको,

(ङ) खानतलासी गरी कब्जामा लिएको वस्तु सुरक्षित साथ राखिने र त्यस्तो प्रयोजन समाप्त भएपछि फिर्ता गरिने सुनिश्चितता,

(च) त्यस्तो वस्तुको स्वामित्व रहेको व्यक्तिले अनुरोध गर्ने राज्यमा कसूर गरेको वा त्यस्तो कसूरबाट लाभ प्राप्त गरेको पुष्टि हुने आधार ।

(२) उपदफा (१) बमोजिमको आदेश प्राप्त भएपछि सम्बन्धित निकायले खानतलासी र बस्तु कब्जामा लिई त्यस्तो कब्जामा लिएको वस्तु केन्द्रीय अधिकारीको जिम्मा दिनुपर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल र अनुरोध गर्ने राज्य दुवैमा यस ऐन बमोजिम कसूर नमानिने अवस्थामा खानतलासी र कब्जाको अनुरोधलाई अस्वीकार गरिनेछ ।

२७. **अनुरोध गर्ने राज्यले व्यक्ति रहेको स्थान र व्यक्तिको सनाखतको लागि अनुरोध गर्ने प्रक्रियाः** (१) कुनै न्यायिक कारवाहीसँग सम्बन्ध रहेको व्यक्ति नेपालमा रहेको विश्वास गर्नुपर्ने पर्याप्त कारण सहित

त्यस्तो व्यक्ति रहेको स्थान र निजको सनाखतको लागि अनुरोध गर्ने राज्यले देहायका विवरण खुलाई दफा १६ बमोजिम नेपाल सरकारसमक्ष अनुरोध गरेमा केन्द्रीय अधिकारीले त्यस्तो व्यक्तिको खोजतलास र सनाखतको लागि निजको विवरण र हुलिया सहित नेपाल प्रहरी समक्ष पठाउनु पर्नेछः–

(क) त्यस्तो व्यक्तिको न्यायिक कारवाहीसँग सम्बन्ध रहेको वा निजले त्यस्तो विषयमा प्रमाण वा सहयोग उपलब्ध गराउन सक्ने अवस्था रहेको,

(ख) अनुरोधमा उल्लेख भएको व्यक्ति नेपालमा रहेको,

(ग) त्यस्तो व्यक्तिको पहिचान गर्नको लागि हुलिया तथा फोटो र

(घ) अन्य सम्बद्ध विवरणहरू ।

(२) उपदफा (१) बमोजिमको अनुरोध प्राप्त भएपछि नेपाल प्रहरी त्यस्तो अनुरोधमा उल्लेख भएको व्यक्तिको बारेमा खोजतलास गर्नेछ र त्यसको जानकारी केन्द्रीय अधिकारीले उपदफा (१) बमोजिमको अनुरोध गर्ने राज्य समक्ष पठाउनु पर्नेछ ।

२८. **अनुरोध गर्ने राज्यको म्याद तामेल गर्ने प्रक्रियाः** (१) कुनै न्यायिक कारवाहीसँग सम्बन्धित व्यक्ति वा निकाय नेपालमा रहेको र त्यस्तो व्यक्ति वा निकायको नाममा कुनै म्याद, सूचना, समाव्हान जारी गर्नुपर्ने भएमा अनुरोध गर्ने राज्यले देहायका विवरण खुलाई दफा १६ बमोजिम नेपाल सरकारसमक्ष अनुरोध गरेमा केन्द्रीय अधिकारीले तामेल गर्न जिल्ला सरकारी वकीलको कार्यालय मार्फत जिल्ला अदालतसमक्ष निवेदन दिनुपर्नेछः–

(क) अदालत वा अनुसन्धान गर्ने निकायले जारी गरेको म्याद, सूचना, समाव्हानको प्रमाणित प्रति,

(ख) त्यस्तो व्यक्ति वा निकायको नाम, ठेगाना, टेलिफोन नम्बर,

(ग) त्यस्तो म्याद, सूचना, समाव्हानको विषयमा पुनरावेदन गर्ने अवस्था नरहेको प्रमाण ।

(२) उपदफा (१) बमोजिमको अनुरोध प्राप्त भएपछि अदालतले प्रचलित कानून बमोजिम म्याद, सूचना, समाव्हान तामेलीको कार्य अगाडि बढाउनेछ ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि साक्षीको रूपमा उपस्थित हुन म्याद जारी भएको व्यक्तिले त्यस्तो म्याद बुझ्न अस्वीकार गरेमा वा साक्षीको रूपमा उपस्थित हुन अस्वीकार गरेमा निज बिरूद्ध कुनै कानूनी कारबाही हुनेछैन ।

२९. **अनुरोध गर्ने राज्यको फैसला कार्यान्वयन गर्ने प्रक्रियाः** (१) कुनै न्यायिक कारवाहीसँग सम्बन्धित फैसला कार्यान्वयन गर्नुपर्ने भएमा अनुरोध गर्ने राज्यले दफा १६ बमोजिम देहायका विवरण खुलाई



नेपाल कानून आयोग

नेपाल सरकारसमक्ष अनुरोध गरेमा केन्द्रीय अधिकारीले फैसला कार्यान्वयनको फैसला कार्यान्वयन गर्ने अधिकारी समक्ष निवेदन दिनुपर्नेछः–

(क) अदालतको फैसलाको सक्कल प्रमाणित प्रति,

(ख) फैसलाको विषयमा पुनरावेदन गर्ने अवस्था नरहेको प्रमाण ।

(२) उपदफा (१) बमोजिमको अनुरोध प्राप्त भएपछि फैसला कार्यान्वयन गर्ने अधिकारीले प्रचलित कानून बमोजिम फैसला कार्यान्वयनको कार्य अगाडि बढाउनेछ ।

## परिच्छेद-५

## विविध

३०. **कागजातको प्रमाणीकरण**ः (१) यस ऐन बमोजिम प्रमाणको रूपमा ग्रहण गरिने वा अनुरोध साथ संलग्न गर्नुपर्ने वा अन्य प्रमाण कागजातहरू न्यायाधीश वा अधिकारप्राप्त सरकारी अधिकृतले प्रमाणित गरी आफ्नो हस्ताक्षर सहित कार्यालयको छाप लगाएको हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रमाणीकरण नभएका प्रमाण/कागजातलाई मान्यता दिइने छैन ।

३१. **शुल्क वा दस्तुर**ः यस ऐन बमोजिम प्रमाण बुझ्ने, साक्षी परीक्षण गर्ने लगायतका प्रमाण सङ्कलनका कार्यमा नेपाल कानून बमोजिम कुनै शुल्क, दस्तुर आदि लाग्ने भएमा त्यस विषयमा अनुरोध माग गर्ने राज्यले व्यहोर्नु पर्नेछ ।

३२. **यस ऐन बमोजिम हुने**ः यस ऐनमा लेखिएका कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

३३. **सहयोग गर्नुपर्ने**ः यस ऐनबमोजिम सम्पादन गर्नुपर्ने कार्यमा नेपाल सरकारका सम्बद्ध निकायले आवश्यक सहयोग गर्नुपर्नेछ ।

३४. **प्रतिवेदन दिनुपर्ने**ः यस ऐन बमोजिम विदेशी राज्यसँग पारस्परिक कानूनी सहायता माग गरिएको र विदेशी राज्यको अनुरोधका आधारमा त्यस्तो राज्यलाई नेपाल कानून सहायता उपलब्ध गराएको विवरण उल्लेख गरी केन्द्रीय अधिकारीले वार्षिक रूपमा नेपाल सरकारसमक्ष प्रतिवेदन दिनुपर्नेछ ।

३५. **नियम बनाउने अधिकार**ः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

नेपाल कानून आयोग